# बेलौरी राजपत्र

बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ६ मिति २०८१ पुष २८


# भाग १

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

## नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः- नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न वान्छनिय भएकाले, बेलौरी नगर सभाले यो संशोधन ऐन जारी गरेको छ ।



१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ मा संशोधनः-** नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा (३) मा देहाय बमोजिम थप घट गरिएको छ ।

(१) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहाय बमोजिम खण्ड (घ) राखिएको छ ।

(घ) वातावरण तथा विपद् व्यवस्थापन समिति सयोजक - सदस्य

(२) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (च) को सट्टा देहाय बमोजिम खण्ड (च) राखिएको छ ।

(च) वडा अध्यक्ष सबै - सदस्य

(३) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ण) को सट्टा देहाय बमोजिम खण्ड (ण) राखिएको छ ।

(ण) संयोजकले तोकेको स्थानीय पत्रकार - सदस्य

(४) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (झ) र खण्ड (ट) हटाईएको छ ।

**आज्ञाले**

**गणेश सिंह ऐरी**

**प्रमुख प्रशासकीय अधिकृत**